चामुण्डाविन्द्रासैनीनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध ,दैलेख

पत्र संख्या :०७५/०७६
चलानी नम्बरः १३८९

कर्णालीप्रदेश ,नेपाल
मिति : २०७६।०१।०९

**विषय:वोलपत्र आव्हान गरिएको सूचना ।**

प्रथम पटक प्रकाशित भएको मिति २०७६।०१।०९

यस चामुण्डाविन्द्रासैनी नगरपालिका, नगर कार्यपालिकाकार्यालय जम्वुकाध, दैलेखले तपशिलवमोजिमकाकामहरु सिलवन्दीवोलपत्रको माध्यमबाट आगामी २०७६।०३।२५ गते भित्र निर्माण गराउनु पर्ने भएको हुंदा नेपाल सरकारवाट इजाजतप्राप्तनिर्माण व्यवसायी/सप्लार्यसहरुवाट देहायको शर्तहरुको अधिनमा रहीतोकिएको समय भित्र रितपूर्वकको सिलवन्दीवोलपत्रआह्वानगरिएको छ ।

१. वोलपत्र पहिलो पटक सुचना प्रकाशित मितिले ३० औं दिनभित्रकार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यवशायी भए न.पा.माव्यवसायदर्ता गरेको प्रमाण पत्र, आ.व.२०७४/०७५ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धि कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) वुझाई यस कार्यालयमा आफै आई वाआफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदनदिई वोलपत्र खरिद गर्न सकिनेछ । विद्युतिय संचारको माध्ययमवाट वोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायी/सप्लार्यसहरुले सार्वजनिकखरिद अनुगमनकार्यालयको Double portal (www.ppmo.gov.np)मागई थपजानकारी प्राप्तगर्न, बोलपत्र **Download** गर्न र बोलपत्रदाखिलागर्न सकिने छ ।

२. वोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहायवमोजिमको कार्यको लागिनियमानुसारको धरौटी रकमसिलवन्दीवोलपत्र साथकम्तिमा४महिना (१२०दिन) म्यादभएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नेपाल एसविआई बैंक ,शाखा कार्यालय चामुण्डा स्थित यस चामुण्डाविन्द्रासैनी नगरपालिका जम्बुकाँध दैलेखको धरौटी खाता नम्बर (ग३) ४१२९५२४१२०७००२ मा धरौटी खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैंङ्भौचर सिलवन्दीवोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । विद्युतीय माध्यमवाट वोलपत्र पेश गर्न चाहने इच्छुक निर्माण व्यवसायीहरुलाई सहजीकरणको लागि चामुण्डाविन्द्रासैनी नगरपालिका, नगर कार्यपालिकाकार्यालयको प्राविधिकशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । वेभ साइटवाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताकाअधिकृत विक्रेताले वोलपत्र साथ तल तोकिएको वोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको नेपाल एसविआई बैंक ,शाखा कार्यालय चामुण्डा शाखामा रहेको खाता नं ४१२९५२४१२०७००२ मा र धरौटी वापतको रकमजम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ ।सिलवन्दीवोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकमतथा १५ प्रतिशतभन्द वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामाजम्मा गरेको बैंङ्भौचर वा घटीमा ४ (१२० दिन)महिनाम्यादभएको कार्य सम्पादन बैङ्कजमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचनाप्रकाशितमितिले ३१ औं दिनदिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलवन्दीवोलपत्र दर्ता गर्नु पर्ने छ । वोलपत्रखरिद तथादाखिलागर्ने अन्तिमदिन सार्वजनिकविदा पर्न गएको खण्डमा उक्तदिनको लगतैकार्यालय खुलेको दिन सोही समय भित्रखरिद र दाखिलागर्न सकिने छ ।

४. दर्ता भएको वोलपत्र ३१ औं दिनदिनको २.०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमाअक्षरमा लेखिएकोलाई मान्यतादिईने छ ।

६. रित नपुगेका, म्याद नाघि आएको वाअन्यकुनै शर्त राखिएको वोलपत्रउपर कुनै कारवाहीगरिने छैन ।

७. संयूक्तउपक्रम(Joint Venture) को रुपमा वोलपत्र खरिद वादाखिलागर्दा वढिमा ३ वटा फर्महरुको एउटा संयूक्तउपक्रमवनाई वोलपत्रखरिद वादाखिलागर्न सकिने छ । तर यस्तो संयूक्तउपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्तलगानी सम्वन्धि सक्कलै सम्झौतावोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयूक्तउपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशतहुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशतवा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्तउपक्रममा समावेश भएकाफर्महरुले अर्को छुट्टैवोलपत्रखरिद र दाखिलागर्न पाईने छैन ।

८. जुनफर्मको नामवाट वोलपत्रखरिद गरिएको हो सोहीफर्मको नाममामात्रवोलपत्रदाखिलागर्न पाईने छ ।

९. कुनै बोलपत्रदाताले E- Bidddingबाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिनवा संशोधनगर्न चाहेमा उक्त कार्य E-bidding प्रकृया बाटै गर्नुपर्ने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१० .E- Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र खोलिने मितिले सात दिनभित्र आफुले पेश गरेको बोलपत्र सम्बन्धि सम्पूर्ण कागजातको सक्कल प्रति( HARD COPY ) यस कार्यलयमा पेश गर्नुपर्ने छ ।

११. वोलपत्र पूर्ण वाआंशिक रुपमा स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा निहित रहनेछ ।

१२. यसमाभएकोमा यसै वमोजिम र यसमाउल्लेख नभएको हकमा सार्वजनिकखरिद ऐन, २०६३ र सार्वजनिकखरिद नियमावली २०६४, संशोधन सहित स्थानीय निकाय आर्थिक प्रशास ननियमावली २०६४ र अन्यप्रचलित ऐन कानुनअनुसार हुनेछ ।

१३. **सांगेतडा पाल्त सडक स्तरोन्ती** कार्य गर्ने गरी बोलपत्रखरिद गरेमा सडक निर्माण सम्वन्धीकार्य गरेको अनुभव ५ वर्षको हुनु पर्ने छ । उक्त ५ वर्षको अवधिमा सडक निर्माण सम्वन्धीकार्य गरेको उत्कृष्ट ३ वर्ष अवधिको औषतवार्षिक कारोवार कम्तिमा १ करोड वरावरको हुनु पर्ने छ ।

१४. अन्य कुरा बुझ्नु परेमा यस नगरपालिकाकार्यालयमाकार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

१५. दरभाउपत्र दस्तुर रु. ३०००।०० यस कार्यालयको नेपाल एस वि आइ वैक चामुण्डा शाखाको खाता नं ४१२९५२४१२०७००१ मा जम्मा गरेको सक्कलभौचर साथ माथि उल्लेखित कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्मखरिद गर्न सकिने छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट वाहेक | वोलपत्रफाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ०८/२०७५/०७६ | सांगेतडा पाल्त सडक स्तरोन्ती | ९१,२२,२९५।०० | ३०००। | २,६०,०००।०० | ईजाजत प्राप्त ठेकेदार/सप्लायर्सहरु |

प्रमुख प्रशासकीय अधिकृत
चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाको कार्यालय
जम्वुकाध, दैलेख

नि. प्रमुख प्रशासकीय अधिकृत